श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल चेम्बर्स अफ कमर्शले भारतको ओटिस इलभेटर कम्पनीबाट खरिद गरेको भा.रू. २,७७,३४०।– (दुई लाख सतहत्तर हजार तीन सय चालीस) मूल्य बराबरको इलभेटर थान १ (एक) को पैठारीमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उप-सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ४.४ ले दिएको अधिकार प्रयोग गरी खण्ड ३९ संख्या ४१ मिति २०४६।१०।१६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना नं. ४ को क्र.सं. ८ पछि देहाय-बमोजिमको क्र. सं. ९ थप गरिएको छ ।

९. प्रमुख, भवन र आवास तथा शहरी विकास जिल्ला कार्यालय, मोरङ – सदस्य-सचिव

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३८